# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित



नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं

Volume 18, Issue 8 No. 116 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Falgun 2075 (March-2019)





## कम्पनीको १५औं वार्षिकोत्सव सम्पन्न

नेपाल टेलिकमले आफ्नो स्थापनाको १५औं वार्षिकोत्सव २०७५ माघ २२ गते विविध कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ ।

कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले नेपाल टेलिकम जहिले पनि अग्रस्थानमा रहेको बताउँदै आगामी दिनमा पनि चुनौतीविहीन रुपमा अग्रस्थानमै रहनु पर्ने बताउनु भयो । कम्पनीले नाफा हुने क्षेत्रमा मात्र नभई जनताहरु भएको जुनसुकै क्षेत्रमा पनि सेवा उपलब्ध गराइरहेको बताउँदै यसलाई संस्कृतिसहितको कर्पोरेट संस्थाको रुपमा विकास गर्नुपर्ने बताउनु भयो । कम्पनीले व्यवस्थित बजार नीतिका आधारमा आगामी दिनमा

(बाँकी २ पेजमा)

## वार्षिकोत्सवको अवसरमा विभिन्न सेवाहरुमा छुट

कम्पनीको पन्ध्रौं वार्षिकोत्सवको अवसरमा कम्पनीका विभिन्न सेवाका सेवाग्राहीहरुका लागि विभिन्न प्याकेज तथा छुटको व्यवस्था गरिएको छ ।

**छुटहरु निम्नानुसार रहेका छन् :**

- माघ २२ देखि फागुन २२ सम्म NT Mobile App डाउनलोड तथा रजिष्ट्रेसनमा नि:शुल्क १ सय एमबी डाटा उपलब्ध गराइने ।
- जीएसएम पोष्टपेड ग्राहकहरुलाई ९ सय रुपैयाँको प्याकेजमा प्रति महिना २ जीबी डाटा र ५ सय रुपैयाँको Free Resource उपलब्ध गराउदै आएकोमा प्रति महिना अल टाइम डाटा ३.३ जीबी र ५ सय रुपैयाँको Free Resource उपलब्ध गराइने ।
- माघ २३ देखि फागुन ८ सम्म रजिष्टर हुने नयाँ जीएसएम पोष्टपेड मोबाइल ग्राहकहरुलाई ३ महिनासम्म प्रति महिना अल टाइम डाटा १ जीबी र १ सय मिनेट अल टाइम भ्वाइस बोनस उपलब्ध गराइने ।
- टुरिष्ट प्याकेज अन्तर्गत ५ सय रुपैयाँमा ५ जीबी डाटा, नेपाल टेलिकमको नेटवर्कमा ५० मिनेट भ्वाइस, ५० एसएमएस तथा १ सय रुपैयाँको अन्तर्राष्ट्रिय कलसमेत गर्न सकिने Free Resource तथा १ हजार रुपैयाँमा १० जीबी डाटा, नेपाल टेलिकमको नेटवर्कमा १ सय मिनेट भ्वाइस, १ सय एसएमएस तथा २ सय रुपैयाँको अन्तर्राष्ट्रिय कलसमेत गर्न सकिने Free Resource उपलब्ध गराइने ।
- माघ २२ देखि ९० दिनसम्म डेली, विक्ली तथा मन्थ्ली चाइना कल प्याकेज अन्तर्गत क्रमश: ३५ रुपैयाँमा १० मिनेट, १ सय ५० रुपैयाँमा ४५ मिनेट र ५ सय रुपैयाँमा १६५ मिनेट उपलब्ध गराइने ।
- २०७४ आषाढसम्मको टेलिफोन बक्यौता बाँकी रहेका सर्वसाधारणले हाललाई २०७५ फागुन मसान्तसम्म बक्यौता रकम बुझाएमा सम्पूर्ण जरिवाना छुट गरिने ।
- FTTH Migration योजना अन्तर्गत एक बर्षदेखि नियमित ADSL सेबा लिइरहेका ग्राहक तथा ३ महिनाको FTTH package खरिद गर्ने नयाँ ग्राहकहरुलाई FTTH CPE नि:शुल्क उपलब्ध गराइने र यो योजना ३ महिनासम्म लागू हुने ।
- नेत्रहीन व्यक्तिहरुबाट प्रयोग भइरहेका जीएसएम तथा सीडीएमए मोबाइलहरुमा ५०, २ सय र ३ सय रुपैयाँको अल टाइम डाटा प्याकेज खरिदमा शतप्रतिशत बोनस तथा २ सय रुपैयाँको अल टाइम भ्वाइस प्याकेज खरिदमा ५० प्रतिशत बोनस उपलब्ध गराइने र यो योजना ९० दिनसम्म लागू हुने ।
- Mobile Points of Sale (MPoS) को माध्यमबाट कम्पनीको सेवाहरुमा रिचार्ज तथा भुक्तानी गर्दा पाँच प्रतिशतका दरले ग्राहकहरुलाई बोनस रकम उपलब्ध गराइने र यो योजना ६ महिनासम्म लागू हुने ।

## फोरजी सेवा विस्तारका लागि सम्झौता

नेपाल टेलिकमको फोरजी/एलटीई सेवा विस्तारका लागि २०७५ माघ २० गते सम्झौता सम्पन्न भएको छ । संसदको अर्थ समिति, विकास तथा प्रविधि समिति र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त निर्देशन तथा सार्वजनिक खरिद ऐन र कम्पनीको आर्थिक विनियमावलीमा रहेको व्यवस्थाको अधिनमा रही सो सम्झौता गरिएको हो ।

फोरजी/एलटीई सेवा विस्तारका लागि आवश्यक कोर नेटवर्क र रेडियो एक्सेस नेटवर्क -ऱ्यान (RAN) को लागि चिनियाँ कम्पनी जेडटीई र सीसीएसआई हडकडसँग सम्झौता सम्पन्न भएको हो ।



ZTE सँग सम्झौता गरिदैं

यस सम्बन्धी छुट्टाछुट्टै सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र जेडटीई तथा सीसीएसआईका प्रतिनिधिले हस्ताक्षर गर्नुभएको छ ।

नेपालभर ६५ लाख क्षमताको फोरजी/एलटीई विस्तारका लागि एउटा कोर नेटवर्क र दुई वटा ऱ्यान नेटवर्क तयार गरिने छ । यसका लागि मुख्य कोर नेटवर्क काठमाडौं र बुटवलमा रहने छ ।

(बाँकी ४ पेजमा)

# कम्पनीको १५औं ...

(१ पेजको बाँकी)

प्रतिस्पर्धा, नाफा, सेवा र सुरक्षामा केन्द्रीत रही देशभर नेटवर्क विस्तार गरी सहज सुविधा सहितको सेवा उपलब्ध गराई देशको अर्थतन्त्रमा योगदान पुऱ्याउनका लागि भूमिका खेल्नु पर्ने उहाँले बताउनु भयो ।

नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव महेन्द्रमान गुरुङले कम्पनीका केही महत्वपूर्ण आयोजनाहरु शुरु हुने क्रममा रहेका र केही आयोजना नयाँ चरणमा प्रवेश गर्ने क्रममा रहेकाले अवसरलाई सदुपयोग गरी अगाडि बढेमा कम्पनीको भविष्य उज्वल रहेको बताउनु भयो ।

सो अवसरमा नेपाल दूरसञ्चार प्राधिकरणका निमित्त कार्यालय प्रमुख पुरुषोत्तम खनालले कम्पनीको भविष्य र प्रगति यसको आम्दानीसँग जोडिएको बताउँदै कम्पनीलाई बजार हिस्सा बढाउने कार्यमा बढी ध्यान दिन आग्रह गर्नुभयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीको समग्र अवस्था बारेमा जानकारी गराउनु भएको थियो । साथै वार्षिकोत्सवको उपलक्ष्यमा ग्राहकवर्गलाई कम्पनीको तर्फबाट उपलब्ध गराइएको अफरहरुको बारेमा पनि उहाँले जानकारी दिनुभयो ।


वार्षिकोत्सव कार्यक्रममा अतिथिहरु


माननीय मन्त्री स्मारिका विमोचन गर्नुहुँदै


प्रिपेड इन्टरनेसनल रोमिङ सेवाको सफ्ट लन्च गर्नुहुँदै माननीय


दीर्घसेवा पदकबाट कर्मचारीहरु सम्मानित हुँदै

## राष्ट्रिय गौरवको संस्थाको रुपमा कायम राखिने प्रतिवद्धता

नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले नेपालीहरूको मेहनत, लगनशीलता र नेपाली प्रयोगकर्ताहरूको भरोसामा चलेको नेपाल टेलिकमलाई राष्ट्रिय गौरवको संस्थाको रूपमा कायम राख्न हरसम्भव प्रयास गरिने बताउनु भएको छ । नेपाल टेलिकमको १५औं वार्षिकोत्सवको अवसरमा केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा उहाँले सो कुरा बताउनु भएको हो ।

व्यावसायिक दक्षता, बजार विस्तार, राजस्व वृद्धि र उच्च कार्यदक्षतासहित कम्पनीलाई निरन्तर अग्रणी स्थानमा राख्नु आफ्नो वृर्यकालको प्राथमिकता रहेको बताउँदै उहाँले मोबाइल तथा तारसहितको सेवाहरूमा नयाँ प्रविधिमार्फत सेवा विकास र विस्तार गर्ने, ब्रोडब्यान्ड सेवामा 4G/LTE र अप्टिकल फाइबर (FTTH) मार्फत सेवा विस्तार गर्ने, सेवाहरूको गुणस्तरमा निरन्तर सुधार गर्ने, मर्मत सम्भार र ग्राहक सेवामा थप सुधार गरी चुस्तता ल्याउने, सेवाहरूको प्रवर्द्धन र बजारीकरणमा थप वैज्ञानिकता ल्याई प्रभावकारी बनाउने, नयाँ प्रविधि र कार्यगत अभ्यासहरू अपनाई प्रभावकारी जनशक्ति व्यवस्थापनमार्फत कार्य सञ्चालनलाई थप चुस्त बनाउने बताउनु भएको छ ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उहाँले भन्नु भयो, 'कम्पनीले यस आर्थिक वर्षमा परियोजनागत रूपमा गर्ने मुख्य कार्यहरू मध्ये फोरजी मोबाइल तथा एफटीटीएच ब्रोड्व्यान्ड सेवाबाट उल्लेख्य रूपमा प्राविधिक परिवर्तन देखिनेछ । फोरजी प्रविधिको बिस्तारबाट डाटा सेवाको बाहुल्यता हुनेछ भने भ्वाइस सेवा पनि डाटा प्रविधिमा आधारित VoLTE मार्फत सञ्चालन हुनेछ । कम्पनीको चिर प्रतीक्षित फोरजी परियोजना शुरूको कार्ययोजनामा लक्षित गरिएको भन्दा कम समयमा र अनुमान गरिएको लागत भन्दा कम रकममा सम्पन्न गरी देशभरिका मोबाइल सेवाग्राहीलाई अत्याधुनिक र उच्च डाटा रेटसहितको मोबाइल सेवा र सो अन्तर्गतका विविध सुविधाहरु प्रदान गर्न प्राथमिकताका साथ युद्धस्तरमा कार्य अगाडि बढाइनेछ ।'

'सञ्चालनमा रहेको एक करोड लाइन क्षमताको मोबाइल परियोजनालाई यसै वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ र सो अनुरूप काम भइरहेको छ । त्यसैगरी अप्टिकल फाइबरमा आधारित ब्रोडब्यान्ड सेवाको विस्तारमा पनि प्राथमिकताका साथ कार्य भइरहेको छ । देशमा सूचना प्रणालीको विकासको लागि महत्वपूर्ण पूर्वाधारको विकास गर्न ग्रामीण दूरसञ्चार विकास कोषको लगानी रहने गरी नेपाल दूरसञ्चार प्राधिकरणसँगको सम्झौता अनुसार प्रदेश नम्बर १, २ र ३ अन्तर्गतको मध्य पहाडी लोकमार्गको खण्डमा कम्पनीले विकास गर्ने पूर्वाधारको लागि खरिद प्रक्रिया अन्तिम चरणमा रहेको छ ।'

'तारसहितको सेवातर्फ कपरमा आधारित टेलिफोनको सट्टा फाइबर मार्फत एकीकृत रूपमा भ्वाइस, डाटा, टेलिभिजन र भिडियोसमेत प्रदान गर्न सकिनेछ । यसमा प्रदान गरिने भ्वाइस सेवा पनि फोरजीमा जस्तै आइपी प्रविधिमा आधारित हुनेछ । सो सम्बन्धमा ३ लाख १८ हजार पोर्ट FTTH सेवाका लागि नेटवर्क तयार गर्न आवश्यक हुने CPE र ODN को बोलपत्र मूल्यांकनको प्रक्रिया सम्पन्न भई सम्झौताको लागि आवश्यक प्रक्रियाहरु शुरु भइसकेको छ भने यसका लागि आवश्यक हुने Fiber लगायतका अन्य उपकरणहरु प्राप्त हुने क्रममा रहेको छ ।'

'उपभोक्ताहरूलाई माग अनुरूप गुणस्तरीय सेवा प्रदान गर्नको लागि कम्पनीको सेवा सञ्चालन, पूर्वाधारको क्षमता वृद्धि तथा प्राविधिक विकासको कार्यक्रम शुरु भइसकेको छ । साथै सेवाको गुणस्तरमा निरन्तर सुधार गर्ने, मर्मत सम्भार र ग्राहक सेवामा थप चुस्तता ल्याउने, सेवाको प्रवर्द्धन र बजारीकरणमा थप वैज्ञानिकता ल्याउने, नयाँ प्रविधि र कार्यगत अभ्यासहरू अपनाई कार्य सञ्चालनलाई थप प्रभावकारी बनाउनेतर्फ उच्च प्राथमिकताका साथ कार्य गरिनेछ ।'

'कम्पनीका सेवाहरूको सुचारु र प्रभावकारी सञ्चालनको लागि कर्मचारीहरूलाई थप प्रतिबद्ध बनाउनुका साथै कर्मचारीहरूको कार्य क्षमता र उत्पादकत्व वृद्धिको लागि तालिम, उत्प्रेरणा, पुरस्कार, दण्ड आदिको पद्धतिलाई सूचना प्रविधिको प्रयोगमार्फत व्यवस्थित गरिनेछ ।'

उक्त कार्यक्रममा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) राजबहादुर रावलले कम्पनी र कर्मचारीको हकहितका सम्बन्धमा बोल्दै सबै पक्षसँगको छलफल पश्चात् कम्पनीको पुनर्संरचना गरी कर्मचारीहरुलाई क्षमता अनुसारको जिम्मेवारी दिनुपर्ने, बाँकी बक्यौता यथाशीघ्र असुल उपर गर्नुपर्ने, फोरजी सेवा विस्तार कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने र संशोधनको अन्तिम चरणमा रहेको कर्मचारी विनियमावलीमा कर्मचारीहरुले पाएका सुविधाहरु कटौती हुन नहुने कुरामा जोड दिनु भयो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले 'प्रिपेड अन्तर्राष्ट्रिय रोमिङ' सेवाको सफ्ट लन्च गर्नुभयो । हालसम्म जीएसएम पोष्टपेड सेवामा मात्र उपलब्ध अन्तर्राष्ट्रिय रोमिङ सेवा अब प्रिपेड मोबाइलमा समेत प्रयोग गर्न सकिने छ । हाल सफ्ट लन्च मात्र गरिएको र निकट भविष्यमा यो सेवा व्यावसायिक रुपमा सञ्चालनमा ल्याइने छ ।

माननीय मन्त्री बाँस्कोटाले वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित स्मारिका विमोचन गर्नुका साथै कम्पनीमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

कम्पनीको १५औं वार्षिकोत्सव सबै क्षेत्रीय निर्देशनालय तथा अन्तर्गतका विभिन्न कार्यालयहरुमा पनि मनाइयो ।

## आईभीआर मार्फत टेलिभोटिङ सेवाको शुभारम्भ

नेपाल टेलिकमका ग्राहकहरुले अब आईभीआरमार्फत टेलिभोटिङ गर्न सक्ने भएका छन् । ग्राहकहरुलाई नयाँ नयाँ भ्यालु एडेड सेवा (Value Added Service) दिने कम्पनीको नीति अनुरुप गत कार्तिक १७ गते यो सेवाको शुभारम्भ गरिएको हो ।

कम्पनीको जीएसएम/सीडीएमए मोबाइल वा स्थानीय टेलिफोनका ग्राहकहरुले एक्सेस कोड १६६६ प्रयोग गरी आफ्नो मत जाहेर गर्न वा प्रतिस्पर्धामा भाग लिएको आफूलाई मन पर्ने कुनै उम्मेदवारलाई आफ्नो मत दिन सक्छन् । यसका लागि Access Code 1666-XX-YY डायल गर्नु पर्छ । यहाँ XX भनेको Programme ID र YY भनेको Voting Options हो ।

यो सेवा पूर्ण रुपमा नेपाल टेलिकमको IVR System मा Develop

# टेलिकम पत्रकारिता पुरस्कारबाट दुई पत्रकार सम्मानित




*पुरस्कृत पत्रकारद्वय, कम्पनीका प्रबन्ध निर्देशक (बीचमा) तथा प्रवक्ता र सह-प्रवक्ताका साथ*

नेपाल टेलिकमको १५औं वार्षिकोत्सवका अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले नेपाल टेलिकमको सेवा सुविधा सम्बन्धमा उत्कृष्ट समाचार प्रकाशन गर्ने दुई जना सञ्चारकर्मीलाई सम्मानित गर्नु भएको छ ।

यसरी सम्मानित हुने सञ्चारकर्मीहरुमा कारोबार दैनिककी सरस्वती ढकाल र द हिमालयन टाइम्स दैनिकका सुजन ढुंगाना हुनुहुन्छ । कम्पनीको केन्द्रीय कार्यालयमा माघ २२ गते आयोजित वार्षिकोत्सव समारोहमा उहाँहरुलाई सम्मानित गरिएको हो ।

पुरस्कारको राशी जनही एकमुष्ट रु. ४० हजारसहित प्रमाणपत्र र मायाको चिनो (मेमोन्टो) रहेको छ ।

नेपाल टेलिकमले गत वर्षदेखि नेपाल टेलिकमको सेवा सुविधा सम्बन्धमा उत्कृष्ट समाचार प्रकाशन/प्रसारण गरी जनचेतना अभिवृद्धिमा सहयोग पुऱ्याउने दुईजना सञ्चारकर्मीलाई पुरस्कृत गर्न आरम्भ गरेको थियो । यस वर्ष पनि नेपाल टेलिकमले २०७४ साल भरिमा कम्पनीका सेवा सुविधा सम्बन्धमा उत्कृष्ट समाचार प्रकाशन गर्ने दुई जना सञ्चारकर्मीलाई पुरस्कृत गरेको हो ।

नेपाल टेलिकम सञ्चालक समितिले स्वीकृत गरेको पुरस्कार छनोट सम्बन्धी कार्यविधिका अधिनमा रही कम्पनीका प्रवक्ता प्रतिभा बैद्यको संयोजकत्वमा नेपाल पत्रकार महासंघका प्रतिनिधिसमेत रहने गरी गठित पुरस्कार छनोट समितिले सार्वजनिक सूचना प्रकाशन गरी आह्वान गरेबमोजिम प्राप्त समाचार सामग्रीहरुको मूल्यांकन गरेर पुरस्कारका लागि दुई जना सञ्चारकर्मीको नाम छनोट गरिएको थियो ।

# बढी कारोबार गर्ने र बिल भुक्तानी गर्ने सम्मानित



*सबैभन्दा बढी CUG प्रयोगकर्ता नेपाल प्रहरी, MpoS रिचार्ज सेवा बिक्री गर्ने एफवान सफ्ट र रिचार्ज कार्ड बिक्री गर्ने कन्टिनेन्टल मार्केटिङका प्रतिनिधिहरु सम्मानित हुँदै*

आर्थिक वर्ष २०७४/७५ मा काठमाडौं क्षेत्र अन्तर्गत कम्पनीको रिचार्ज सेवा तथा रिचार्ज कार्डको बिक्री लक्ष्य हासिल गर्ने डिलर एवं नेपालभरीमा कम्पनीका विभिन्न सेवाहरु प्रयोग गरी सर्वाधिक बिल भुक्तानी गर्ने ग्राहकहरुलाई नेपाल टेलिकमको १५औं वार्षिकोत्सवको अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले सम्मान गर्नुभएको छ ।

काठमाडौं क्षेत्रबाट कम्पनीका रिचार्ज कार्ड बिक्री गरी तोकिएको १ अर्ब २५ करोड रुपैयाँको बिक्री लक्ष्य पूरा गर्ने मध्ये कन्टिनेन्टल मार्केटिङ प्रा.लि., ग्यालेक्सी इन्टरनेसनल ट्रेड सेन्टर प्रा.लि. र भी-सोलुसन्सले क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गरी सम्मानित भए । त्यसैगरी फोरह्वीर आदिजोर ट्रेडर्स, गोल्डमाइन बिजनेस ग्रुप, सब पे प्रा.लि. र टकटाइम ट्रेडिङ प्रा.लि. पनि सम्मानित भएका थिए ।

त्यसैगरी MPoS रिचार्ज सेवा (Soap XML) को बिक्री लक्ष्य ५० करोड पूरा गरी पहिलो स्थान हासिल गर्ने एफवान सफ्ट इन्टरनेसनललाई पनि उहाँले सम्मान गर्नुभयो । त्यसैगरी पे-पोइन्ट नेपाल प्रा.लि. र इलेक्ट्रोनिक्स पेमेन्ट सिष्टम प्रा.लि.लाई पनि सम्मान गरिएको छ ।

व्यक्तिगततर्फ सबैभन्दा बढी बिल भुक्तानी गर्ने जीएसएम पोष्टपेडमा सज्जनमान जोशी, सीडीएमए पोष्टपेडमा देव बहादुर थापामगर र ल्यान्डलाइनमा शशि कर्माचार्य सम्मानित हुनुभएको छ । त्यसैगरी संस्थागततर्फ सबैभन्दा बढी बिल भुक्तानी गर्ने जीएसएम पोष्टपेडमा सूर्य नेपाल प्रा.लि., सीडीएमए पोष्टपेडमा कारागार कार्यालय चितवन, ल्यान्डलाइनमा संसद सचिवालय, लिज लाइनमा नेपाल सरकार गृह मन्त्रालय, एफटीटीएचमा अटोवेज प्रा.लि. पोखरा र वाइम्याक्समा रोबस्ट इनर्जी लिमिटेड काठमाडौंलाई सम्मान गरिएको थियो ।

कम्पनीले उपलब्ध गराइरहेको सेवा CUG मा सरकारीतर्फ नेपाल प्रहरी नक्साल र कर्पोरेट तर्फ प्रिमियर इन्स्योरेन्स कम्पनी सम्मानित भएका थिए ।

गरिएको In-House Value Added Service हो । यो सेवाको सुरुवातसँगै कम्पनीले हासिल गरेका थुप्रै उपलब्धिहरुमा एउटा अर्को कोसेढुंगा थपिएको छ ।

यो सेवा विभिन्न टेलिभिजन कार्यक्रम, डान्स/म्युजिक कम्पिटिसन, पिपुल्स च्वाइस अवार्ड, न्यूज आदि कार्यक्रमका लागि आवश्यक Polling Events का लागि उपयुक्त हुन्छ । हालसम्म यस्ता Polling Events एसएमएसबाट मात्र हुँदै आएकोमा अब नेपाल टेलिकमका स्थानीय टेलिफोन प्रयोगकर्ताहरुका लागिसमेत एक विकल्प थपिएको छ ।

यो सेवा लिने ग्राहकले टेलिभोटिङ बाहेक यससँग सम्बन्धित अन्य विभिन्न कार्यसमेत गर्न सक्छन् । उनीहरुले एक्सेस कोड डायल गरी भोटिङ काउन्ट सुन्ने, भोटिङ रिसेट गर्ने, भोटिङ अप्सन बढाउने/घटाउने, भोटिङ लाइन स्टार्ट वा स्टप गर्ने र पिन कोड परिवर्तन गर्ने जस्ता Self-Administer गर्ने कार्यसमेत सजिलै गर्न सक्छन् । यो सेवा लिन चाहने ग्राहकले कम्पनीको केन्द्रीय कार्यालयस्थित प्रमुख व्यावसायिक अधिकृतको कार्यालयमा सम्पर्क गर्नुपर्छ ।

# क्यान इन्फोटेकमा कम्पनीको सहभागिता




नेपाल टेलिकमले गत माघ १५ देखि २० गतेसम्म राजधानीको भृकुटीमण्डपमा आयोजित क्यान इन्फोटेक २०१९ मा सहभागी भई कम्पनीका विभिन्न सेवाहरुको व्यावसायिक प्रवर्द्धन तथा बिक्री-वितरण गरेको छ ।

कम्पनीले आफ्नो प्रदर्शन कक्षमार्फत रु. ५०।- मा त्यति नै रकम बराबर कल गर्न सकिने सिमकार्ड उपलब्ध गराएको थियो । उक्त अवसरमा कम्पनीले हाल उपलब्ध गराइरहेको तीव्र गतिको इन्टरनेट सेवा उपलब्ध गराउने प्रविधि FTTH (Fiber To The Home), फोरजी, कम्पनीको मोबाइल एप आदि सेवाका बारेमा आगन्तुकहरुलाई जानकारी दिएको थियो ।

कम्पनीका सेवाहरुको प्रचारप्रसार एवं व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले कम्पनी सो मेलामा सहभागी भएको हो । नेपाल टेलिकम क्यान इन्फोटेक २०१९ को प्रायोजक पनि रहेको थियो ।

# सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्य



नेपाल टेलिकमले आफ्नो स्थापनाको १५औं बार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत २०७५ माघ २६ गते बागमती सरसफाइका लागि आवश्यक सामग्री हस्तान्तरण गरेको छ। बागमती सफाइ आरम्भ भएको ३००औं हप्ता पुगेको अवसरमा मनोहरा दोभानमा आयोजित विशेष कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका प्रमुख आशीष घिमिरेलाई सफाइ सामग्री हस्तान्तरण गर्नुभएको थियो। साथै कम्पनीले सो कार्यक्रमका लागि मञ्चको व्यवस्थापनसमेत गरेको थियो।

सोही अवसरमा बागमती सफाइ महाअभियानलाई सफल बनाउन नेपाल टेलिकमले गरेको योगदानप्रति उच्च कदर गर्दै प्रशंसा पत्र प्रदान गरिएको छ। परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीलाई सो प्रशंसा पत्र प्रदान गर्नु भएको थियो।

सरसफाइ अभियानमा प्रयोग गर्नका लागि कम्पनीको लोगो अंकित १२५ थान वाटरप्रुफ ट्याकसुट, ४ सय जोर गमबुट, १ सय थान फोहोर तान्ने सुइरो, ५० थान दाँते, ४ सय जोर बाक्लो पञ्जा, १ सय थान डोको/थुन्से, ५ सय थान मास्क र ५ सय थान कम्पनीको लोगो अंकित क्याप उपलब्ध गराइएको छ।

नेपाल टेलिकमले बागमती सफाइ अभियान शुरु भएको दोस्रो हप्ता देखि नै हरेक हप्ता समूहगत रुपमा आफ्ना ग्राहकहरुलाई सफाइ अभियानमा संलग्न हुन निःशुल्क एसएमएस प्रेषित गर्दै आएको छ। २०७० जेठ ५ देखि हरेक हप्ता बागमती सफाइ महाअभियान सञ्चालन भइरहेको छ।



वार्षिकोत्सवको अवसरमा कम्पनीले काठमाडौं मिनभवनस्थित निःसहाय सेवा सदनका वृद्धवृद्धा र बुढानिलकण्ठस्थित असहाय बालबालिका आश्रममा नास्ता र खाना उपलब्ध गराउने कार्यक्रम छ।

वार्षिकोत्सवकै अवसरमा मैत्री समाज नेपालको अनुरोधमा ICT For The Student with Visual Disability सम्बन्धी कार्यक्रममार्फत प्रदेश नम्बर १ मा सुनसरीको इटहरी र कर्णाली प्रदेशमा सुर्खेतको वीरेन्द्रनगरका विद्यार्थीहरुलाई सहयोग गर्ने कम्पनीको कार्यक्रम रहेको छ। यस अन्तर्गत आर्थिक एवं प्राविधिक रुपमा पछि परेका २० जना दृष्टिविहीन विद्यार्थीहरुलाई कम्पनीको सिम कार्ड सहित High-Tech Android Phone उपलब्ध गराएर IT Based Study Opportunity Create गरी दृष्टिविहीन विद्यार्थीहरुको शैक्षिक अवसर अभिवृद्धि गर्न सहयोग गर्ने कार्यक्रम रहेको छ।

# देशभर बीटीएस टावर निर्माणमा तीव्रता

नेपाल टेलिकमको एक करोड जीएसएम आयोजना अन्तर्गत 'प्याकेज ए' को कार्य करिब ९० प्रतिशत सम्पन्न भएको छ। प्याकेज ए अन्तर्गत ५२ लाख क्षमताको नेटवर्क विस्तार अन्तर्गत काठमाडौं उपत्यकावाहेक मध्यमाञ्चल, पूर्वाञ्चल, सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रका विभिन्न स्थानमा बीटीएस टावर स्थापना गर्ने लक्ष्य छ।

कम्पनीको एक करोड जीएसएम आयोजना अन्तर्गत दुई प्याकेज मध्ये प्याकेज बी अन्तर्गत काठमाडौं उपत्यका तथा पश्चिमाञ्चल क्षेत्रको ४८ लाख क्षमताको नेटवर्क विस्तार कार्य पहिले नै शतप्रतिशत सम्पन्न भइसकेको छ।

सो आयोजना अन्तर्गत नयाँ प्रविधियुक्त बीटीएसमार्फत पुराना पुस्ताका बीटीएस प्रतिस्थापन गरिएकाले सेवाको गुणस्तरमा समेत वृद्धि भएको छ। आयोजना अन्तर्गत सुदूर पश्चिमाञ्चल विकास क्षेत्र, कर्णाली प्रदेश, प्रदेश नम्बर ३ र प्रदेश नम्बर १ का विकट जिल्लाहरुसमेत रहेका छन्। यसबाट पहिले कुनै सेवाप्रदायकले सेवा नदिएको स्थानहरुमा समेत सेवा उपलब्ध गराइएकोले सञ्चार सुविधाबाट बञ्चित भएका जनताहरु लाभान्वित भएका छन्। आयोजना अन्तर्गत विकट स्थानहरु बाजुरा जिल्लाको बिच्छा र बाधु, डोल्पा जिल्लाको धो, हुम्ला जिल्लाको मुचु, दोलखा जिल्लाको बेदिङ, धादिङ जिल्लाको लापा र तिप्लिङ आदिका जनता लाभान्वित भएका छन्।

आयोजना सम्पन्न भए पश्चात सञ्चार सुविधा उपलब्ध नभएका देशका कुना कन्दरामा समेत सञ्चार सुविधा पुग्ने भएकाले हाल यसबाट बन्चित सबै जनता लाभान्वित हुने अपेक्षा गरिएको छ।

सो आयोजनाको प्याकेज ए अन्तर्गत ५६ वटा जिल्ला रहेका र आयोजना सम्पन्न भए पश्चात् कुल जनसंख्याको ७३ प्रतिशतले सेवा उपभोग गर्न सक्ने छन्। यसबाट नेपालको करिब ७९ प्रतिशत भुभागमा कभरेज विस्तार हुनेछ।

उक्त आयोजना सम्पन्न भए पश्चात् निर्माण भएका पूर्वाधारहरु आगामी दिनमा देशभर विस्तार गरिने फोरजी/एलटीई प्रविधिमा समेत प्रयोग गर्न मिल्ने हुँदा फोरजी/एलटीई आयोजना समेत समयमै सम्पन्न गर्न सहयोग मिल्ने छ।

## वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलाप

कम्पनीको १५औं वार्षिकोत्सवका अवसरमा विभिन्न अतिरिक्त क्रियाकलापको आयोजना गरिएको थियो। वार्षिकोत्सवको अवसरमा पुरुष तथा महिला ५ किलोमिटर दौड प्रतियोगिता आयोजना गरिएको थियो। जावलाखेलमा सम्पन्न समापन समारोहमा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले विजयी खेलाडीहरुलाई नेपाल टेलिकम ट्रफी तथा मेडल प्रदान गर्नु भयो। उक्त अवसरमा नेपाल टेलिकम अतिरिक्त क्रियाकलाप समितिका अध्यक्ष तथा प्रमुख मानव संशाधन अधिकृत राजुबाबु अर्यालले दुबै दौड प्रतियोगिताका विजयी खेलाडीहरुलाई नगदसहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

कर्मचारीहरुको प्रतिभा उजागर गर्दै मनोबल वृद्धि गर्न अतिरिक्त क्रियाकलाप अन्तर्गत टेवल टेनिस, ब्याडमिन्टन, चेस र हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरिएको थियो। प्रतियोगिताका सबै विजयीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो। त्यसैगरी वार्षिकोत्सवकै अवसरमा रक्तदान गर्ने ९१ जना रक्तदातालाई प्रमाणपत्र एवं मायाको चिनो प्रदान गरिएको थियो।

# फोरजी सेवा ...

(१ पेजको बाँकी)

त्यान नेटवर्क अन्तर्गत नेटवर्क १ र नेटवर्क २ मार्फत सातै प्रदेशमा सेवा विस्तार गरिने छ। सम्झौता पश्चात् एक वर्ष भित्रमा परियोजना सम्पन्न गर्ने लक्ष्य छ।

नेपाल टेलिकमले मुलुकमै पहिलो पटक मिति २०७३ पौष १७ गते काठमाडौं उपत्यका र पोखरामा फोरजी/एलटीई सेवा सञ्चालन गरेको थियो। देशभर यो सेवा विस्तार भए पश्चात् टुजी, थ्रिजी र फोरजी नेटवर्कलाई ओभरले (Overlay) को रुपमा सञ्चालन गरी ग्राहकलाई आ-आफ्नो रुचि र आवश्यकता अनुसारका सेवाहरु छनोट गर्ने अवसर प्राप्त हुनेछ। यसबाट मुलुकभर द्रुत गतिको डाटा तथा भ्वाइस (VoLTE - voice over LTE) र मल्टिमिडिया (ViLTE -video over LTE) सेवा विस्तार तथा coverage and capacity का लागि Small Cell with WiFi विस्तार गर्न सकिने छ।



*CCSI सँग सम्झौता गरिदैं*

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
e-mail: newsntc@yahoo.com **फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो** Newsletter www.ntc.net.np **मा पनि हेर्न सकिन्छ।**

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**